- Make our environment safe for women and girls, especially protecting them from harassment and genderbased violence; improve the health and quality of life of the urban poor, slum and informal settlement dwellers, and migrants and refugees – and ensure their access to affordable housing and health care;
- Address multiple forms of discrimination, against people living with disabilities or with HIV, older people, and others;
- Make our cities safe from infectious disease through ensuring immunization, clean water, sanitation, waste management and vector control;
- Design our cities to promote sustainable urban mobility, walking and physical activity through attractive and green neighbourhoods, active transport infrastructure, strong road safety laws, and accessible play and leisure facilities;
- Implement sustainable and safe food policies that increase access to affordable healthy food and safe water, reduce sugar and salt intake, and reduce the harmful use of alcohol including through regulation, pricing, education and taxation;
- Make our environments smoke free, legislating to make indoor public places and public transport smoke-free, and banning all forms of tobacco advertising, promotion and sponsorship in our cities;
- Make our environments smoke free, legislating to make indoor public places and public transport smoke-free, and banning all forms of tobacco advertising, promotion and sponsorship in our cities.

We express our firm determination to make bold political choices for health

Many cities are already contributing to the SDGs, in city-based networks and through determined political action on a new urban agenda. We will contribute to this movement through our Healthy City networks. We call on all mayors and urban leaders, regardless of whether their cities are big or small, rich or poor, to join this movement. We solemnly commit to sharing experiences and best practices with each other, as we aim to bring together global and national goals with our local plans and programmes, and in doing so journey towards making our cities the healthiest they can be. We commit to come together at regular intervals to demonstrate and ensure our political commitment to implement this ambitious agenda. We ask the World Health Organization to support us in this effort and to strengthen its healthy city networks in all regions

Source: Promoting health in the SDGs. Report on the 9th Global conference for health promotion, Shanghai, China, 21–24 November 2016: all for health, health for all. Geneva: World Health Organization; 2017 (WHO/NMH/PND/17.5). Licence: CC BY-NC-SA 3.0 IGO.

What is a Healthy City ?

A healthy city is defined by a process, not an outcome.

- A healthy city is not one that has achieved a particular health status.
- It is conscious of health and striving to improve it. Thus any city can be a healthy city, regardless of its current health status.
- The requirements are: a commitment to health and a process and structure to achieve it.
- A healthy city is one that continually creates and improves its physical and social environments and expands the community resources that enable people to mutually support each other in performing all the functions of life and developing to their maximum potential.
- WHO/Europe recommends a basic model for a healthy city.
- Healthy cities are places that deliver for people and the planet. They engage the whole of society, encouraging the participation of all communities in the pursuit of peace and prosperity. Healthy cities lead by example in order to achieve change for the better, tackling inequalities and promoting good governance and leadership for health and well-being. Innovation, knowledge sharing and health diplomacy are valued and nurtured in healthy cities.

People

A healthy city takes a human approach to development, prioritizing investment in people and ensuring access for all to common goods and services. This includes:

- Investment in human and social capital as a strategic approach for urban development
- Promoting inclusion, integration and non-discrimination
- Building trust, resilience and a focus on ethics and values.

Participation

A healthy city leads by example ensuring community participation in decisions that affect where and how people live, their common goods and services. This includes:

- Improved city spaces and services, based on the needs and assets in communities
- Stronger accountability and governance for health and well-being
- Empowered and resilient populations
- Increased ownership over individual health and well-being.

Prosperity

A healthy city strives for enhanced community prosperity and strengthened assets through values-based governance of common goods and services. This includes:

- Progressive measures of social progress
- Investment in the circular economy
- Universal minimum social protection.

Planet

A healthy city ensures that the health and well-being of both the people and the planet are at the heart of all the city's internal and external policies. This includes:

- A whole-of-city approach to health and well-being
- Coherence across levels of governance in the approach to health and well-being
- Strengthened city health diplomacy.

Place

A healthy city creates an accessible social, physical and cultural environment that facilitates the pursuit of health and well-being. This includes:

- Shifting from a needs-based to an assets-based approach
- Human-centered urban development and planning
- Integrating health equity and sustainability into urban development and planning
- Enhanced inclusiveness in the use and governance of common spaces.

Peace

A healthy city leads by example by promoting and keeping peace in all its actions, policies and systems. This includes:

- Institutions, governance systems and architecture that prioritize social justice and inclusive participation;
- The promotion of cultural norms of inclusion and equity, a non-exploitative egalitarian approach;
- Formal governance and societal norms that tackle corruption, discrimination and all forms of violence.

City health profiles

One of the first steps that cities take in the WHO Healthy Cities project is to develop a comprehensive city health profile, a public health report that describes the health of the city's population, bringing together key pieces of information on health and its determinants in the city and interpreting and analysing the information.

This profile usually uses health indicators to define the population's health and presents information on the lifestyles and environmental and social factors in the city that affect health. Of the 45 city health profiles submitted to the WHO European Healthy Cities Network in 2005, 35 used all 500 indicators of inequality. Areas covered by the indicators included measures of health or well-being, disease prevalence, socioeconomic conditions, lifestyle, environmental conditions, service utilization (admission or attendance rates) and other factors influencing health, such as traffic and crime.

The profiles are essential tools for change and are an integral part of local decision-making and strategic planning processes. Tools and guidance have been developed on profiles and indicators, which helps a city to portray its health and its determinants.

City health profiles are not an end in themselves but an important element in the process of improving health and thus moving closer to the reality of a healthy city.

Source: World Health Organization. What is a Healthy City. Available: ***https://www.who.int/europe/groups/who-european-healthy-cities-network/what-is-a-health-city***

स्वस्थ शहरको लागि वातावरणमैत्री फोहरमैला व्यवस्थापन

सन्दीप के.सी., प्रमुख, आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा

फोहर मैला सम्वन्धमा एक अध्ययनले उल्लेख गरे अनुसार हाम्रो घर, परिवार, बजार, उद्योग र सार्वजनिक क्षेत्रबाट उत्पन्न हुने फोहोर सामान्यतया ९५ प्रतिशत प्रशोधन गरी आम्दानीको स्रोत बनाउन सकिने प्रकृतिका हुन्छन भने करिब ५ प्रतिशतलाई मात्र बिसर्जन गर्नुपर्ने हुन्छ । फोहर मैला ब्यवस्थापन गर्न वातावरणमैत्री व्यवहार जति जरूरी छ । सामाजिक सद्भाव सिर्जना गर्नु तथा नेतृत्वदायी उदाहरण दिनु पनि उत्तिकै जरूरी छ । हाम्रो शहरको वातावरणमा हुन सक्ने जमिन, हावापानी र ध्वनीको प्रदुषणलाई समयमै नियन्त्रण गरी आफ्नो र सन्ततिको भबिष्य सुन्दर र स्वस्थ्य बनाउन तथा वातावरण संरक्षण गर्न हामी आफै जिम्मेवार बन्नु पर्दछ ।

आफ्नो घर टोलको फोहोर व्यवस्थापन भए रोग व्यवस्थापन हुन्छ । आफ्नो घर, टोल सफा भए मन पनि सफा हुन्छ । अनि रचनात्मक सोचका साथ काम गर्ने वातावरण बन्दछ । वातावरणीय मैत्री व्यवहार गर्न हरेक ब्यक्तीले अब आ-आफ्नो घर, टोल, समाज, राष्टिय र अन्तर्राष्ट्रिय गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । अब शहरी क्षेत्रमा बसोबास गर्ने हरेक नागरिकले एकपल्ट सोच्नु पर्छ । फोहरको सन्दर्भमा के म यो समस्याको कारक हुँ या समाधान ? के फोहरको बिरोध मात्र गरिरहेको छु वा एक असल नागरिकको नैतिक जिम्मेवारी पूरा गरेको छु त ? परिवर्तनको आभास आफैंबाट सुरू गर्नु जरूरी छ ।

ठोस फोहोरलाई मुख्य रूपमा चार प्रकारले विभाजन गर्न सकिन्छ । १. जैविक २. अजैविक ३. मिश्रित ४. घातक फोहर । त्यसैगरी तरल पदार्थलाई तीन समूहमा वर्गीकरण गर्न सकिन्छ । १. फोहोर पानी २. तेलजन्य चिल्लो पदार्थ ३.रासायनिक एवम् पेट्रोलियम पदार्थ । तरल फोहरको ब्यवस्थापन गर्न आधुनिक प्रविधि मार्फत तरल पदार्थलाई वर्गीकरण गरी ढल व्यवस्थापन, ढल निकास र शुद्धिकरण गर्न सकिन्छ । फोहोरलाई बिशेष प्रविधिमार्फत मल र ग्यास उत्पादन गर्दा आर्थिक लाभ प्राप्त गर्न सकिन्छ । हाम्रा बस्तिको तल्लो भौगोलिक क्षेत्रमा ढलको यसै गरी वातावरणबाट निस्कने ढललाई प्रशोधन गरेर मात्र निकास दिनु पर्दछ । नदी सफा राखेर वातावरण सफा मात्र हैन जैविक विविधताको साथै जलचरको बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु पर्दछ । ल्यान्डफिल साईडहरु बनाई फोहोरलाई मोहोर बनाउने उद्यमको रूपमा व्यवसायिकता सिर्जना गर्ने पद्धति निर्माण गर्नुपर्दछ ।

हरेक पर्यटकिय नगरहरूले सार्वजनिक क्षेत्र तथा सर्वसाधाराको बढी आवत जावत र जम्मा हुने ठाउँमा कम्तिमा एउटा सार्वजनिक शौचालयको व्यवस्था नगरे सम्म पर्यटन व्यबसायको परिकल्पना अधुरो हुन्छ । आफ्नो शहर खुल्ला दिशा पिसाबमुक्त बनाएर वातावरण सफा राख्नु सबै नागरिकको कर्तव्य हो । सार्वजनिक सौचालय दिगो सञ्चालनको निमित्त न्यून शुल्क निर्धारण गरेर त्यहाँबाट भएको आम्दानीले सरसफाइ र दिगो व्यवस्थापन गर्न सकिन्छ । यसबाट मिथेन ग्याँस उत्पादन गर्न पनि सकिन्छ । स्वस्थ र सफा शहर निर्माण गर्न हामिले फोहरको उत्पादन नै कम गर्ने तथा आफ्नो घर बगैचाको जैविक फोहरलाई घरमा नै कम्पोष्ट गरी मल बनाउने गर्न सकिन्छ । आफ्नै घर, परिवार, टोल, अफिस र वातावरणका फोहोरमैलालाई स्थानीय तहसँग समन्वय गरेर आधारभूत व्यवस्थापन गर्न आजैबाट शुरू गर्नुपर्दछ । त्यसै गरी हाम्रो घर र व्यवसायबाट उत्पन्न भएका फोहोरलाई स्रोतबाटै वर्गीकरण गर्ने अनि अजैविक फोहरहरु जस्तै (धातु, प्लाष्टिक, कागज, शिशा) आदिलाई छुट्टै व्यवस्थापन गर्ने कार्य गरेर फोहर ब्यवस्थापनमा सहयोग गर्न सकिन्छ । आफ्नो घर वरीपरी वातावरण स्वच्छ राख्न फूल बगैचा तथा बोटविरूवा रोप्ने र त्यसको संरक्षण गर्ने तथा आफ्नो टोल फोहरमैला मुक्त बनाउने अभियान नागरिक तहबाटै सुरू गरिनु पर्दछ ।

नेपालको फोहरमैला व्यवस्थापन ऐन, २०६८ ले बुँदा ४ मा फोहरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुनेछ भनि उल्लेख गरेको छ । आफ्नो घर तथ गाउँ र नगरपालिका भित्रबाट उब्जिने कुनैपनि फोहोरमैलालाई स्रोतबाटै वर्गीकरण, संकलन र उचित व्यवस्थापन गर्नुपर्दछ । अब यसको जिम्मेवारीमा बहस र चर्चा मात्र गरेर हुदैन उत्पन्न हुने फोहोरमैलालाई स्रोतमै विभिन्न रंगका ढस्टविन राखेर वर्गीकरण गर्न सकिन्छ । स्थानिय तहले आफ्नो एकल अधिकारको क्षेत्रमा रहेको फोहोरमैला व्यवस्थापनका लागि आवश्यक साधन तथा जनशक्ति व्यवस्था गर्ने तथा विभिन्न चेतनामुलक कार्यक्रमहरु आयोजना गर्नु पर्दछ । फोहोर व्यवस्थापन गर्ने उत्प्रेरणा प्रदान गर्न उत्कृष्ट काम गर्नेलाई पुरस्कारको प्रबन्ध गर्ने तथा फोहोर व्यवस्थापन सहयोग नगर्नेलाई दण्डको व्यवस्था गर्नु पर्छ। स्वास्थ्य संस्थाहरुबाट उत्पादन हुने मेडिकलजन्य फोहर केमिकल, सुई, खतराजन्य एवम् मानवीय पदार्थलाई विशेष पृथक ढङ्गबाट दहन एवम् व्यवस्थापन गर्ने कार्यमा सहयोग तथा नियमन गर्नु पछ। फोहर ब्यवस्थापन गर्न टोलटोलमा वातावरण सुधार समूहहरु गठन गरी वातावरण सुधारको कार्यक्रम सञ्चालन गर्न सकिन्छ भने निश्चित क्षेत्र तोकी ल्यान्डफिल साईट एवम् फोहोर प्रशोधन केन्को व्यवस्थापन गर्नु पर्दछ ।

फोहोरमैला व्यवस्थापनका साथै हाम्रो वातावरणको गुणस्तर सुधार गर्नु हामी सबैको कर्तव्य हो । बाटोघाटो निर्माण गर्दाको सडकको दायाँबायाँको केही भाग खुला हरितपेटिका मार्फत विकास निर्माण र क्रममा जति पनि नयाँ संरचना निर्माण गरिन्छ हरेक ठाउँमा प्रशस्त खुल्ला हरितपेटिका र सम्भव भएसम्म फूल तथा बोटबिरूवा लगाएर वातावरण जोगाउन सकिन्छ । यस्ता हरित पेटिकाले हाम्रो वातावरण स्वास्थ्य, सफा तथा सुन्दर बनाउन र दिगो विकास गर्नको निमित्त ज्यादै ठूलो काम गर्दछन् । नगरले आफ्नो नगरपालिका क्षेत्रभित्र जैविक विविधता संरक्षण तथा व्यवस्थापन गर्न विशेष रणनीति अबलम्बन गरेर निश्चित क्षेत्रमा किल्ला तोकी संरक्षित क्षेत्रको व्यवस्थापन गर्नुपर्छ ।

नेपालमा स्वास्थ्य बिमा कार्यक्रमले कानुनी मान्यता पाएको १० वर्ष पुग्न लागेको छ । २०७२ चैत २५ गतेदेखि शुरू भएको यो कार्यक्रमलाई २०७४ सालमा बनेको स्वास्थ्य बिमा ऐनले थप व्यवस्थित गरेर सञ्चालनमा ल्याएको छ । बोर्डको तथ्यांक अनुसार हालसम्म ७५ जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम लागू भइसकेको छ भने यसमा सहभागिताको अवस्था पनि उत्साहजनक रूपमा बढ्दै गएको छ ।

स्क्रिनिङ

स्क्रिनिङ भनेको कुनै समुदायमा स्वास्थ्य समस्या भएकाहरूलाई प्रारम्भिक चरणमै पहिचान गर्न गरिने प्रक्रिया हो । यो प्रक्रिया लक्षण नदेखिएका व्यक्तिहरूमा गरिन्छ । यसको मुख्य उद्देश्य भनेको रोगको प्रारम्भिक अवस्थामा पत्ता लगाइ समयमै उपचार गर्न मद्दत गर्नु हो । स्क्रिनिङ र निदान परीक्षण स्वास्थ्य क्षेत्रका दुई फरक उद्देश्य भएका उपकरणहरु हुन् । स्क्रिनिङ लक्षण नदेखिएका व्यक्तिहरूमा ठूलो जनसत्त्यामा गरिन्छ, जसले रोगको सम्भावित केस प्रारम्भिक रूपमा पत्ता लगाउन सहयोग गर्दछ । यसले रोगको प्रारम्भिक अवस्था पहिचान गरी उपचार सहज बनाउँछ । यता, निदान परीक्षण भने लक्षण देखिएका वा स्क्रिनिङमा शंकास्पद नतिजा देखिएका व्यक्तिहरूमा गरिन्छ, जसले रोगको पुष्टि र सही निदान गर्न मद्दत गर्दछ । स्क्रिनिङ तुलनात्मक रूपमा कम खर्चिलो र जनसत्त्यामा केन्द्रित छ भने निदान परीक्षण विशेष व्यक्तिहरूमा अधिक सटीकता र उच्च खर्चमा गरिन्छ ।

मानसिक

विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार पनि बर्सेनि ८ लाख मानिसले आत्महत्या गर्ने गरेका छन् । अर्थात् प्रत्येक ४० सेकेण्डमा एक जनाले आत्महत्या गरेको पाइन्छ । करिब ८० प्रतिशत आत्महत्याको कारण नै मानसिक स्वास्थ्य समस्या हो यसमध्येको मुख्य कारण डिप्रेसन हो । विश्वमा मृत्युको कारणमध्ये आत्महत्या १५ औं कारण रहेको छ । नेपालमा भने आर्थिक वर्ष २०८०/८१ मा ७ हजार २ सय २३ जनाले आत्महत्या गरेको तथ्यांक छ । जसअनुसार नेपालमा सरदर दिनमा २० जनाले आत्महत्या गर्ने गरेका छन् । दिगो विकासको लक्ष्यले दैनिक आत्महत्याको दर ४.७ मा झार्ने भए पनि आत्महत्याको दर बढ्दै गएको छ ।

यस्तै, नेपालमा कूल नसर्ने रोगको समस्यामध्ये १८ प्रतिशत मानसिक रोग रहेको पाइन्छ। अपांगता गराउने प्रमुख १० कारकमध्ये ४ वटा मानसिक स्वास्थ्य समस्या पर्छन् । राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण नेपाल २०७७ को नतिजाअनुसार नेपालमा १३ देखि १७ वर्षका ५.२ प्रतिशत किशोरकिशोरीहरूमा मानसिक स्वास्थ्य समस्या देखिएको छ । जसमा चिन्ताजन्य, डिप्रेसन र आत्महत्यासम्बन्धी सोचजस्ता समस्या रहेको पाइएको थियो। १८ वर्षभन्दा माथिका व्यक्तिहरूमा भने १० प्रतिशतमा मानसिक स्वास्थ्य समस्या देखिएको छ, त्यसमा पनि सबैभन्दा बढीमा आत्महत्यासम्बन्धी सोच रहेको पाइएको छ ।

BKHCCI

उच्च रक्तचाप संसार हुने मृत्युको पहिलो कारण हो । यसले हृदयघात तथा पक्षघात गराउँछ । त्यसकारण यो विकराल रोग हो ।

.उच्च रक्तचाप कतिलाई मान्ने भन्नेबारे जानकारी हुनु आवश्यक छ । यूरोपियन सोसाइटी अफ कार्डियोलोजीका अनुसार व्यक्तिको रक्तचाप १४० बाई ९० भएको अवस्थामा त्यसलाई उच्च रक्तचाप भएको मान्न सकिन्छ ।

त्यस्तै अमेरिकन हार्ट एशोसियसनका अनुसार कुनै व्यक्तिमा माथिको रक्तचाप १३० भन्दा बढी तथा तलको रक्तचाप ८० भन्दा बढी भएको अवस्थालाई उच्च रक्तचाप मान्न सकिन्छ । त्यसकारण विभिन्न स्थान तथा देशअनुसार उच्च रक्तचापलाई परिभाषित गरिएको छ । यद्यपि १३० बाई ९० भएको अवस्थालाई उच्च रक्तचाप भएको मान्न सकिने चिकित्सकहरू बताउँछन् । यस्तो अवस्थामा उच्च रक्तचापको औषधि सेवन गर्नका लागि सुरू गर्नुपर्ने हुन्छ ।
सिस्टोलिक र डायस्टोलिक ब्लड प्रेसरबारेको जानकारी सबैमा हुन जरूरी छ । दुवै प्रकारका रक्तचापले शरीरले हानी गराउन सक्छ । विभिन्न अध्ययनहरूले तलको भन्दा माथिको रक्तचाप हृदयघातसँग बढी सम्बन्धित हुने गर्छ । त्यसकारण तलको भन्दा माथिको रक्तचापलाई नियन्त्रणमा राख्नु अत्यावश्यक हुन्छ ।

धेरै मानिसहरूमा रक्तचापको समस्या उमेर ढल्कदै जाँदा मात्रै देखा पर्छ भन्ने भ्रम रहेको पाइन्छ । रक्तचापको समस्या २,३ वर्षको बच्चादेखी वयस्क तथा युवायुवती जोसुकैमा पनि देखा पर्छ । एक अध्ययन अनुसार ३५ देखी ४५ वर्ष उमेर समूहका ४ मध्ये १ जनामा ब्लड प्रेसरको समस्या देखा पर्छ । त्यस्तै त्यही उमेर समूहका ५ मध्ये १ महिलामा रक्तचापको समस्या देखिन सक्छ । त्यसकारण ब्लड प्रेसरको समस्या युवा अवस्थामा नै पनि देखा पर्ने भएकोले सचेत हुन आवश्यक हुन्छ । युवा अवस्थामा हुने हृदयघात तथा पक्षघातको प्रमुख कारण नै अनियन्त्रित रक्तचाप नै हो ।

ब्लड प्रेसरको समस्या लक्षणबिना पनि देखा पर्न सक्छ भन्ने जानकारी हामीमध्ये धेरैलाई छैन । सधैं जसो बिरामीको परीक्षणका क्रममा ब्लड प्रेसर बढ्दा समेत बिरामीलाई खासै लक्षण देखा नपरेको मैले पाएको छु । त्यसकारण लक्षणबिना पनि ब्लड प्रेसरको समस्या देखिन सक्छ भन्ने जानकारी हामीलाई हुनु आवश्यक छ। त्यसकारण नियमित रूपमा ब्लड प्रेसरको परीक्षण अत्यावश्यक छ ।

२० वर्ष उमेर पुरा भइसकेका व्यक्तिले कम्तीमा पनि वर्षमा एक पटक ब्लड प्रेसरको परीक्षण गर्नु आवश्यक हुन्छ। अमेरिका जस्तो विकसित मुलुकका मानिसहरूमा समेत आफूलाई ब्लड प्रेसरको समस्या भएको जानकारी हुँदैन। नेपाल जस्तो विकासोन्मुख मुलुकमा झनै यस समस्या विकराल रूपमा देखिएको छ। हाम्रो घरपरिवारका सदस्यमा समेत ब्लड प्रेसरको समस्या देखिदाँ समेत बिरामीहरू चुपचाप घरमा नै बसिरहेको पाइन्छ ।

ब्लड प्रेसरको समस्या भएका अधिकांशमा मोटोपनाको समस्या समेत हुने गर्छ। अध्ययन अनुसार १ सय ब्लड प्रेसरका रोगीमध्ये ६० जनामा मोटोपना तथा ५० जनाको कोलेस्ट्रोरेल, २५ जनामा डायबिटिज तथा १५ जनामा किड्नीको समस्या हुने गरेको पाइएको छ। त्यसकारण ब्लड प्रेसरको समस्या भएका हरेक व्यक्तिले मोटोपना, कोलेस्ट्रोरेल तथा किड्नीको अवस्थाबारे जानकारी राख्नु आवश्यक हुन्छ। कतिपय ब्लड प्रेसरका बिरामीहरूमा सही रूपमा ब्लड प्रेसरको परीक्षण नहुँदा भ्रम फैलिएको पाइन्छ ।

ब्लड प्रेसर परीक्षण गर्नु करिब आधा घन्टा अगाडि चुरोट, रक्सी तथा चियाको सेवन गर्नुहुँदैन। त्यस्तै परीक्षणका लागि अस्पताल पुगेको आधा घन्टासम्म आराम गर्नुपर्छ। ब्लड प्रेसर परीक्षणका लागि कुर्सीमा बसिरहँदा पछाडि भागलाई कुर्सीमा आड दिनुका साथै खुट्टालाई उपर खुट्टी लगाउनु हुँदैन। चिकित्सकहरूले समेत ब्लड प्रेसर परीक्षणका लागि सही कफ प्रयोग गर्नुपर्ने हुन्छ। त्यस्तै ब्लड प्रेसर परीक्षण गरिरहँदा चिकित्सक तथा बिरामी दुवै बोल्नु हुँदैन । त्यस्तै दुईपटक सम्म ब्लड प्रेसर नाप्नुपर्ने हुन्छ। यस्तो अवस्थामा मात्रै ब्लड प्रेसरको समस्या भए नभएको यकिन गर्न सकिन्छ। कतिपय मानिसहरूको स्थान अनुसार ब्लड प्रेसर थपघट हुने समस्या पाइएको छ। जस्तै अस्पतालमा ब्लड प्रेसर बढ्ने तथा घरमा सामान्य रहने। अस्पतालको तनावपूर्ण वातावरण तथा चिकित्सकहरूसँगको भेटघाटका कारण बढेको ब्लड प्रेसर घरको शान्त वातावरणले कम हुन सक्छ। यस्तो अवस्थालाई हवाईट कोर्ट हाइपरटेन्सन समेत भन्ने गरिन्छ ।

संघिय प्रणालीमा आधारभूत स्वास्थ्य सेवा र स्थानीयतहको भूमिका

सरोज थापा

विक्रम सम्वत २०७२ साल असोज ३ गते जारी भएको नेपालको वर्तमान संविधानले परम्परागत एकात्मक र केन्द्रीकृत शासन प्रणालीलाई अन्त्य गरको छ । संविधानको अनुसूची ५ देखि ९ सम्मले तीनतहका सरकारको एकल र साझा क्षेत्राधिकार र जिम्मेवारी तोकेकोछ । यसरी तिनै तहको एकल अधिकार तथा साझा अधिकारको सुचीमा स्वास्थ्य सेवालाई राखिएको छ ।

संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकमा उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्यसेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्यसेवाबाट वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ । यसै गरी उपधारा (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ भनि उल्लेख भएको छ भने उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ तथा उपधारा (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भनि उल्लेख गरिएको छ । संविधानको धारा ५१ को (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत स्वास्थ्यका विभिन्न विषयवस्तु समेटेर नीति निर्माण गर्न सक्ने व्यबस्था गरेको देखिन्छ ।

आधारभूत स्वास्थ्य सेवा भनेको के हो ?

आधारभूत स्वास्थ्य सेवा भनेको के हो यस सेवा अन्तर्गत कस्तो सेवा पर्दछ भन्ने विषयमा हेर्दा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रूपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थानात्मक सेवालाई बुझाउछ । सो ऐनमा

आधारभूत स्वास्थ्य सेवा भन्नाले (क) खोप सेवा, (ख) एकीकृत नवजात शिशु तथा बालरोग ब्यबस्थापन, पोषण सेवन, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा, (ग) सरूवा रोग सम्बन्धी सेवा, (घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा, (ङ) मानसिक रोग सम्बन्धी सेवा, (च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा, (छ) सामान्य आकस्मिक अवस्थाका सेवा, (ज) स्वास्थ्य प्रवर्द्धन सेवा, (झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा, (ञ) नेपाल सरकारले नेपाल राजपत्र सूचना जारी गरि तोकेका अन्य सेवा भनेर परिभाषित गरेको छ ।

नेपालको आधुनिक स्वास्थ्य क्षेत्रको नीतिगत विकासक्रमको अवस्था:

सन १९५६ मा नेपालको राष्ट्रिय स्तरको औलो उन्मुलन कार्यक्रमवाट शुरू भएको स्वास्थ्य कार्यक्रम संस्थागत स्वमा भने वि.सं. १९९० मा औपचारिक रूपमा स्वास्थ्य सेवा विभागको स्थापना भई स्वास्थ्य क्षेत्रमा नयाँ विषयहरूको प्रवेशलाई एकीकृत गरी संचालनका लागि वि.सं. २०११ सालमा स्वास्थ्य मन्त्रालयको स्थापना भए पश्चात आधुनिक स्वास्थय सेवा शुरू भएको मान्न सकिन्छ । यसरी क्रमागत संरचनागत सुधार गर्दै देशभरी स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । नेपालमा वि.सं. २०४६ को राजनैतिक परिवर्तन पछि नेपाली जनताको अपेक्षा गरे अनुरुप आएको राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले गाउँगाउँसम्म प्राथमिक स्वास्थ्य सेवा विस्तार गर्ने गरी तत्कालीन सबै गाउँ विकास समितिहरुमा उपस्वाथ्य चौकी, इलाकाहरुमा स्वास्थ्य चौकी र प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरुको स्थापना भएको थियो । जसमा उपचारात्मक स्वास्थ्य सेवामा रोगको उपचारका लागि ग्रामीणस्तर देखि जिल्ला र केन्द्रिय स्तरसम्म उपलब्ध गराइने व्यवस्था नीतिले समेटेको थियो । त्यस समयमा राष्ट्रिय स्वास्थ्य नीति २०४८ले संरचनागत विकास, विस्तार र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी र सहभागितालाई प्रबर्द्धन गरेको थियो ।

नेपालको २०४८ सालको स्वास्थ्य नीतिले तत्कालिन प्रत्येक गाउँ विकास समितिहरूमा क्रमवद्ध रुपले उप स्वास्थ्य चौकीको स्थापना गरिने, उक्त उप स्वास्थ्य चौकीबाट सामान्य, उपचारात्मक प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवाहरु प्रदान गरिने र वार्ड स्तरसम्म खोप, परिवार नियोजन, मातृशिशु कार्यक्रम, स्वास्थ्य शिक्षा, पोषण, वातावरणीय शिक्षा तथा सरसफाई, औलो, क्षय, कुष्ठ, जस्ता रोग विरूद्ध उपचार सेवाहरु उपलब्ध गराइने व्यवस्था रहेको पाइन्छ । यसै गरी राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले भने नेपालको अन्तरिम संविधान २०६३ को भावना र मर्मअनुरुप जनसहभागितामूलक निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई जोड दिएको पाइन्छ ।

राष्ट्रिय स्वास्थ्य नीति २०७६ र यसमा भएको प्रमुख प्राबधानहरु:

२०६२/२०६३ सालको ऐतिहासिक जनआन्दोलन र त्यसवाट प्राप्त उपलब्धि स्वरूप नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । हालको नेपालको संविधानबमोजिम राज्यका संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्यहरुको एकल तथा साझा अधिकार सूची, नेपाल सरकारका नीति तथा कार्यक्रमहरु, नेपालले विभिन्न समयमा गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु एवं स्वास्थ्य क्षेत्रभित्रका समस्या र चुनौतीहरु उपलब्ध स्रोत साधन तथा प्रमाणलाई समेत आधार बनाई राष्ट्रिय स्वास्थ्य नीति २०७६ जारी

गरिएको छ । स्वास्थ्य नीति २०७६ मा सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिए बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिने लगायतका २५ वटा नीति समेटीएर स्वास्थ्य नीति जारी भै क्रियासिल रहेको छ ।

नागरिकको स्वास्थ्य सेवामा सन १९७८ मा अल्मा आटामा सम्पन्न विश्व सम्मेलनबाट थालिएको प्राथमिक स्वास्थ्य सेवाको विश्वव्यापी अभियान, सहस्राब्दी विकास लक्ष्य र स्वास्थ्यमा सर्वव्यापी पहुँच हासिल गर्ने उद्देश्य सहितको दिगो विकास लक्ष्य लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूले नेपालको स्वास्थ्य प्रणालीको विकास र विस्तारमा योगदान गरेको देखिन्छ।

हाल संघिय प्रणालीको स्थानीय तहमा स्वास्थ्यसेवाको भुमिका र अवस्था

नेपालमा संघियताको स्थापना हुनु अगाडी नै स्वास्थ्य मन्त्रालय अन्तर्गतका संरचनाहरूले संघिय मोडेलमा काम गरिरेहको अवस्था थियो । जनशक्ति, कार्यक्रम तथा सामाग्रीहरू नेपाल सरकार स्वास्थ्य मन्त्रालयवाट उपलब्ध हुने र स्थानीयस्तरमा व्यबस्थापन स्वास्थ्य संस्था सञ्चालन समितिवाट गरिने तत्कालिन व्यबस्था रहेको थियो । गाउँगाउँमा स्वास्थ्य चौकी टोल टोलमा महिला स्वास्थ्य स्वयम सेविकाको अवधारणा र तिनको परिचालन स्थानीय व्यबस्थापन समितिवाट हुनु नै ततकालिन समयको विकेन्द्रीकरणको सुन्दरपक्ष मान्न सकिन्छ ।

सिमित श्रोत साधनको उपयोग गर्दै कतिपय पालिकाहरूले स्वास्थ्यलाई विशेष महत्वको साथ काम गरेका उदाहरण पनि प्रशस्त भेटिन्छ तर पनि स्थानीय तहका जनप्रतिनीधिहरूको वुझाई विकास भनेको केवल वाटो र पुल भवन जस्ता भौतिक पुर्वाधारलाई महत्व दिदा स्वास्थ्य क्षेत्र स्थानीयको प्राथमिकतामा नपरेको जस्तो भान हुन्छ । कतिपय स्थानीयतहमा अस्पतालका भवन निर्माण कार्य सम्पन्न भएता पनि आवाश्यक जनशक्ति सामाग्रीको अभावमा ति भवनहरू प्रयोगमा नआई नै भूत वंगला नवन्ला भन्न सकिन्न ।

केन्द्रिय तहबाट स्वास्थ्यमा धेरै सहयोगी कार्य भईरहदा आधारभूत स्वास्थ्य सेवाको अधिकार पाएको स्थानीय तह भने अलमलमा परेको देखिन्छ । विभेदकारी समायोजन ऐन मार्फत स्थानीय तहमा समायोजन भएका स्वास्थ्यकर्मीहरूमा मनोबलको उच्च वनाउदै सङ्घ, प्रदेश र स्थानीय तहबीच स्वास्थ्य क्षेत्रको लगानीमा समन्वय कायम गरी भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा लैङ्गिक विविधतालाई दृष्टिगत गर्दै श्रोत साधनको समतामूलक र न्यायोचित वितरण सुनिश्चित गर्नु स्थानीय तहको चुनौती रहेको छ ।

जसरी विगतमा स्वास्थ्य सेवाको प्रबाह हुने गरको थियो आज पनि स्वास्थ्य सेवा त्यसरी नै चलेको देखिन्छ । भौतिक पुर्वाधारको कमी, श्रोत्र साधनको कमी दरवन्दी वमोजमका स्वास्थ्यकर्मी नहुनु स्थानीय स्वास्थ्य सेवाको कमजोरीका रूपमा लिन सकिनछ । विमा कार्यक्रमलाइ प्रभावकारी ढंगले सञ्चालन गर्न सकीएको अवस्था समेत देखिदैन । स्थानीयतहले आफनो भुगोल अनुसार माटो सुहाउने खालको स्वास्थ्यका कार्यक्रम वनाई कार्यन्वयन गर्न नसक्नु, स्वास्थ्य क्षेत्रमा विशेष योजना वनाउने, कसरी स्वास्थ्य संस्थालाई सवलीकरण गर्ने भन्ने तर्फ ध्यान नपुग्दा स्वास्थ्यमा

उपलब्धीमुलक परिवर्तन हुन सकेको देखिदैन जसले गर्दा आधारभूत स्वास्थ्य सेवा दिने सन्दर्भमै स्थानीयतह अलमलमा देखिन्छ ।

नेपालमा राज्य संरचना मार्फत तत्कालिन गाउँविकास समितिहरू मर्ज प्रक्रिया मार्फत गाउँपालिका तथा नगरपालिका स्थापना भएका छन । धेरै जसो साविकका गाउँ विकास समितिहरू वडामा परिणत भएको छ भने हरेक वडामा वडास्तरिय स्वास्थ्य सँस्थाहरू स्थापना छ र भौगोलिक बिकट्तालाइ मध्यनजर गरी साथै समूदायको स्वास्थ्यको पहुँचलाइ ध्यानमा राखी एउटै वडामा तिन वटा सम्म स्वास्थ्य सँस्था विस्तार गरिएको छ ।

स्थानीय तहवाट नयाँ स्वास्थ्य संस्था खोल्ने कार्य जारी छ । यसको साथै सरकारले देशका ३ सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि २०७७ साल मंसिर १५गते एकैदिन अस्पताल भवनको शिलान्यास गरेको छ । नेपाल सरकारको सवै पालिकाहरूमा ५, १० र १५ वेडका अस्पताल स्थापना गर्ने नीति रहेता पनि त्यसको प्रभावकारी व्यवस्थापन स्थानीयतहवाट हुन सक्ने अवस्था देखिएको छैन । स्थानीय तहलाई अस्पताल सञ्चालन गर्नका लागि पर्याप्त पैसा नहुने तथा कतिपय पालिकामा जनप्रतिनीधिहरूले अस्पताल सञ्चालन गर्नु भनेको स्थानीय तहको वोझ हो भन्ने रूपमा बुझेको अवस्था छ ।

अस्पताल सञ्चालन गर्ने विषय स्थानीयतहको नाफा घाटाको विषय भन्दा पनि स्थानीय सरकारको आम नागरिक प्रतिको दाइत्व र कर्तव्य हो भन्ने कुरा वुझ्न जरूरी देखिन्छ । केही स्थानीय तहले केही समय देखि सञ्चालन गरिरहेका अस्पतालहरूले समेत राम्ररी सेवा दिन सकिरहेका देखिदैन । केन्द्रीय सरकारले विना तयारी विना श्रोत्र साधन नै कार्यक्रमको विस्तार गर्दा स्थानीय तहले यस कार्यक्रमलाइ अपनत्व लिन सकेको अवस्था देखिदैन । संघीय सरकारले स्थानीय तह सक्षम नहुदाँसम्म समग्र स्वास्थ्य क्षेत्रको ब्यबस्थापनको जिम्मा संघवाटै हुनुपर्ने देखिन्छ । स्थानीय तहसँग पैसा अभाव, पर्याप्त जनशक्तिको व्यवस्था नहुनु तथा अत्याबश्यक उपकरणको समेत अभाव रहेकाले ती अस्पतालहरूको सेवा गुणस्तरीय हुन सकेको त छैन जसले गर्दा नागरिकको विश्वास समेत गुमाउदै गएको अवस्था छ ।

स्वास्थ्य क्षेत्रमा देखिएको बिधमान मुख्य समस्याहरुः

स्वास्थ्य प्रति राजनैतिक प्रतिबद्धता तथा राजनीतिका दृष्ट्रिकोण अझै उल्लेखनीयरूपमा सकारात्मक हुन सकेको छैन । स्थानीय तहमै आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिने राजनीतिक दलहरूको एजेण्डाहरू कागजमै सीमित देखिएको छ । विकास भनेको वाटो घाटो, पुलपुलेसा मात्रै हो भन्ने वुझाईले राजनीति दलको एजेण्डामा अझै स्वास्थ्य ओझेलमै परेको देखिन्छ ।

पुरानै दरबन्दी संरचना तथा दरवन्दी रिक्तः स्थानीय तहले स्वास्थ्य संस्थाको स्थापना गर्ने तर त्यसलाई आवाश्यक पर्ने जनशक्तिको ब्यबस्थापन नगर्दा भएका मौजुदा स्थायी दरवन्दीवाट सेवा सञ्चालन गर्नुपर्ने अवस्थाले सेवा प्रभावकारी हुन सकेको देखिदैन । स्थानीय तहमा आवाश्यक्ता बमोजिम दरबन्दी संरचना नहुदाँ नियमित काम भन्दा अतिरिक्त क्रियाकलाप गर्न सकिएको

देखिदैन । स्वास्थ्य संस्थाहरूमा एक स्वास्थ्यकर्मीले कति बिरामी हेर्ने, कति काम गर्ने र बिरामी संख्याको आधारमा कति स्वास्थ्यकर्मी चाहिने भन्ने विषय किटान हुनुपर्दछ र सोहीअनुसारको जनशक्ति व्यवस्थापन गर्नुपर्नेमा हाल कामचलाउ ढंगवाट काम भइरहेको देखिन्छ ।

बजेट ब्यबस्थापनः समग्र स्वास्थ्यमा प्रभाबकारी काम गर्न र आमनागरिकको पहुँचमा स्वास्थ्यलाई पुर्याउनका लागि कम्तिमा १० प्रतिशत वजेटको ब्यबस्थापन गर्नुपर्ने बिश्वव्यापी मान्यतामा अधिकाशं पालिकाहरूले ५ प्रतिशत भन्दा पनि निकै कम वजेट विनियोजन गरेको देखिन्छ ।

क्षमता आभिबृद्धिः स्वास्थ्यकर्मीहरू एउटा पालिकामा काम गर्ने सानो संख्यामा हुने हुदाँ उचितरूपमा तालिम तथा क्षमता अभिबृद्धीका कार्यक्रम सञ्चालन भएका छैनन् । समय अनुसारको ज्ञान,सिपमा विकास गर्न नसक्नाले स्वास्थ्यकर्मीको कार्यप्रगतीमा उल्लेखनीय सुधार हुन सकेको छैन ।

भौतिक पुर्बाधारः भौतिक पूर्वाधार र उपकरणविना गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिँदैन । कतिपय स्वास्थ्य संस्था मापढण्ड बमोजिम नवनेका छन त कतिपय आवाश्यक्ता भन्दा ठुला वनेर त्यसको सञ्चालन खर्च ज्यादै धेरै भएर रकम अभावमा पुर्वाधारहरू धरासयी वन्दै गएका छन । यस्तै सरकारी स्वास्थ्य संस्थामा करोडौंको लगानीमा खरिद गरिएका उपकरणहरूको गुणस्तरका कारण छिट्टै बिग्रने र बिग्रिएका उपकरणहरु मर्मत गर्ने निकाय नहुनुले गर्दा करोडौको वजेटको अर्थहिन खर्च भएको छ । विग्रेका उपकरण मर्मत गर्नुभन्दा नयाँ खरिद गर्नेतर्फ प्रवृति विकराल समस्यमाको रूपमा रहेको छ ।

औषधि व्यवस्थापनः औषधि र औषधिजन्य वस्तुहरूको खरिद प्रक्रिया, उपलब्धता, पर्याप्तता एवं गुणस्तरमा राज्यले स्पष्ट मार्गनिर्देशन गर्न सकिरहेको देखिँदैन । एकातिर लोप्रिय कार्यक्रम भनेर निसुल्क स्वास्थ्य सेवा भनेर आएको छ तरपनि तोकीएका ९८ थरीका औषधीको स्वास्थ्य संस्थामा सधै अभाव नै रहेको देखिन्छ । सार्वजनिक खरिद ऐनले औषधिलाई खाद्यान्न, निर्माण सामग्री, लत्ताकपडा जस्ता वस्तुहरूलाई एउटै प्रकृतीले खरिद गर्नुपर्ने विद्यमान अवस्थालाई परिमार्जन गर्न जरूरी देखिन्छ । औषधी सस्तो भन्दा पनि गुणस्तरीय हुनुपर्नेमा सस्तो खरिद गर्ने कार्यले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेको छ । ओषधीमा हुनु पर्ने गुणस्तर र जनस्वास्थ्यमा कुनै पनि प्रकारको सम्झौता नगरिकन औषधि खरिद, भण्डारण र बिक्री-वितरण सम्बन्धी छुट्टै नियम कानुन बनाई कार्यान्वयन गर्नुपर्ने चुनौती छ ।

स्थानिय तहमा स्वास्थ्य सेवा सुधारका लागि गर्नु पर्ने कार्यहरु

स्थानीयस्तरमा प्राकृतिक विपद र कोभिड -१९ जस्तो महामारीमा आपत्कालीन स्वास्थ्य सेवा प्रभावकारी स्यमा व्यवस्थापन गर्न स्थानीय सरकार र स्वास्थ्य संस्थाहरूको क्षमता तथा पुर्वाधार विकासमा प्रयाप्त लगानी गर्नुपर्ने देखिन्छ ।

नगरपालिका तथा गाउँपालिकामा रहेका स्वास्थ्य शाखाहरूमा सवलीकरण गर्दै स्थानीय स्रोत साधनलाई अधिकतम प्रयोग गरी तथ्यमा आधारित योजना वनाउन उपलब्ध श्रोतसाधनलाई परिचालन गर्ने नीति तथा योजना निर्माण गर्नु पर्छ ।

नागरिकको मौलिकहकको सम्मान गर्दै जनप्रतिनिधिहरूमा स्वास्थ्य सेवा प्रति अपनत्व जगाउदै नागरिकलाई उच्चतम सक्रिय सहभागिता गराउदै प्रभावकारी स्वास्थ्य नीति निर्माणमा गर्नु पर्दछ । स्वास्थ्यमा अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि लागत प्रभावकारितामा आधारित लगानी गर्न आवश्यक छ । हामीले हाम्रो स्वास्थ्यमा निकै कम लगानी गर्दा पनि त्यसको फाइदा धेरै प्राप्त हुन सक्छ । विश्व स्वास्थ्य संगठनको एक अन्तराष्ट्रिय अध्ययनका अनुसार स्वास्थ्य सेवाहरूमा हामीले एक रूपैयाँको लगानी गरियो भने ६ रूपैयाँको नाफा आउँछ भन्ने देखिएको छ । त्यस कारण स्वास्थ्यमा खर्च होइन लगानी हो भन्ने मनोवृत्ति कम पाइएको छ यसलाइ वुझाउन जरूरी देखिन्छ । यसर्थ प्रयाप्त मात्रामा वजेट स्थानीय तहमा रहेका या निर्माणाधिन अस्पताललाई पर्याप्त मात्रामा आवश्यक बजेट विनियोजन गर्नुको साथै अव ढिला नगरी कम्तिमा १० वर्ष स्थानीय अस्पताललाई संघ वा प्रदेश सरकार मातहत राख्न हतार भइसकेको अवस्था छ अन्यथा अस्पताल सञ्चालन नै नभइ वन्द हुने अवस्थामा पुग्नेछन ।

संघ तथा प्रदेश मातहतका अस्पतालमा थन्किएर रहेका औजार तथा उपकरणहरूलाई स्थानीय तहका अस्पतालमा ब्यबस्था गर्ने तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रमा दरबन्दी बमोजिमका स्वास्थ्यकर्मी ब्यबस्था गर्नु पर्छ । विगतमा नै इ७ः गरी चालुरहेका दरवन्दी संरचनामा हालको नागरिकको आवाश्यकता, विश्वव्यापी मान्यता बमोजिम दरवन्दी पुनसंरचना गर्नु पर्छ ।

स्वास्थ्य बिमा कार्यक्रमको समसामायिक सुधार गर्दै नागरिकको पँहुचका लागि विमा कार्यक्रमको शुरूवात नै स्थानीय पालिकामा रहेका अस्पतालवाट सञ्चालन गर्ने हो भने अस्पताललाई चलायमान गर्न सकिन्छ र नागरिकलाइ समयमै सेवा प्रदान गर्न सकिन्छ ।

हालसम्म प्राप्त गरेका उपलब्धिलाई निरन्तरता दिँदै स्वास्थ्य क्षेत्रमा प्राप्त अन्तर्राष्ट्रिय सहयोग, समन्वय र सहकार्यलाई अझ बढी पारदर्शी र प्रभावकारी बनाउनु पर्दछ । अझै पनि नेपालका राजनीतिज्ञ, जनप्रतिनीधि, नीति निर्माता र आम मानिसको समेत बुझाइमा स्वास्थ्यको लगानी भनेको खर्च हो भन्ने गलत बुझाई छ । यसरी समग्र स्वास्थ्य क्षेत्रलाई सहभागितामूलक अनुगमन, स्थानीय जनप्रतिनीधिहरूलाई अपनत्व गराउदै समग्र क्षेत्रको समीक्षा भएमा मात्र नेपालको संविधानले स्वास्थ्यमा राखेको मर्म, भावना र लक्ष्य प्राप्ति गर्न सकिनेछ ।

स्वस्थ नागरिकका लागि स्वस्थ शहरका फरक अवधारणाहरू

गुणस्तरीय जीवन स्वास्थको आधुनिक परिभाषा र जनस्वास्थ्यको नविन अवधारणा हो । मानव विकासको सुचकको रूपमा सरदर आयु तथा शिक्षाको स्तर र आयको सूचाँकलाई लिने गरिन्छ। त्यसै गरी समाजको समृद्धिको सूचकका रूपमा समेत स्वच्छ तथा स्वस्थ वातावरणलाई लिइन्छ तर बढ्दो शहरीकरण, भौतिक विकास तथा अन्य विभिन्न मानवीय प्रभावका कारण स्वस्थ र सफा वातावरण दिन प्रतिदिन बिग्रँदो अवस्थामा छ । स्वच्छ तथा सफा वातावरण मानव जीवनका लागि अत्यावश्यक तत्व हो । यो अवस्थामा सुधार गर्ने दायित्व सम्वन्धीत सहरका बासिन्दाको हो ।

"विश्वका कयौं सहरहरु छन् जसले नागरिकको स्वास्थ्यलाई विकासको एजेण्डाको रुपमा स्वीकार गर्दै आफुलाई अब्बल साबित गरेका छन् । स्वस्थ शहर अभियान मार्फत नागरिकको स्वस्थ जीवन जीउने अधिकार सुनिश्चित गर्नुका साथै नेपालका प्रमुख शहरहरुलाई पर्यटनको गन्तब्य बनाउन पनि सकिन्छ ।"

नेपालको संविधान २०७२ जारी भएपछि अब नेपालमा ३ तहका सरकारलाई नै स्वास्थ्य क्षेत्रमा काम गर्ने अधिकार र दायित्व प्रदत्त गरिएको छ । प्रत्यक्ष सरोकारको आधारभूत स्वास्थ्य सेवा स्थानिय तहलाई अधिकारको रूपमा सुम्पीएको पाईन्छ के स्थानिय तहले स्वास्थ्यलाई आफ्नोबिकासको एजेण्डा को रूपमा स्वीकार गरेको छ त ? यो कुरा भने अझै बहस र चर्चाको पाटोनै छ । जन्मनु र मर्नु प्राकृतिक प्रकृया भएतापनि अधिकारको कुरागर्दा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मानिसको मौलिक अधिकार पनि हो ।

विश्वका कयौं सहरहरू छन् जसले नागरिकको स्वास्थ्यलाई विकासको एजेण्डाको रूपमा स्वीकार गर्दै आफुलाई अब्बल साबित गरेका छन् । स्वस्थ शहर अभियान मार्फत नागरिकको स्वस्थ जीवन जीउने अधिकार सुनिश्चित गर्नुका साथै नेपालका प्रमुख शहरहरूलाई पर्यटनको गन्तब्य बनाउन पनि सकिन्छ । आफ्ना नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न तथा स्थानिय सरकारको भूमिका पुरा गर्न सहयोगी संस्थाको सहयोग र तिनै तहका सरकार मिलेर स्वस्थ शहर बनाउने अभियान अघि सार्न सक्छौ । त्यसको सुरूवात धुलिखेल नगरपालिकाले अगाडि बढाएको देखिन्छ ।

अब चर्चा गरौं विश्वका केही सहरहरू जसले आफ्ना शहरहरूमा विशिष्ट पहिचान सहितको स्वास्थ्य सेवाका क्षेत्रमा कार्य गरेर आफ्नो अलग पहिचान बनाएका छन - पहिलो चर्चा गरौ एसियाली मुलुक जापानको प्रमुख शहरहरू मध्यको एक ओकिनवा शहर - ओकिनवामा शहरमा सय वर्ष भन्दा बढी बाँच्ने मानिसहरूको धेरै संख्या छ । तरपनि याहाँ मुटुसम्बन्धी रोग, मधुमेह क्यान्सर जस्ता रोगहरूको जोखिम निकै नै कम देखिन्छ । आर्थिक रूपले सामन्य भएपनि यहाँका व्यक्तिहरूको जीवनशैली भने गुणात्मक रूपले राम्रो छ । जसले गर्दा बुढ्यौली समयमा पनि स्वस्थ जीवन बाँच्न सकिन्छ भन्ने तथ्यको यस सहरले उदाहरण प्रस्तुत गरेकोछ । हाम्रो जनसंख्याको अवस्था हेर्दा जेष्ठ नागरिकको संख्या बढ्दो छ । यसको स्वास्थ्य रक्षा र उत्पादकत्व बारेमा बहस चलाउँदा लाग्छ यो बहश सर्वजनहिताय नै ठहर्छ । नेपालको सन्दर्भमा नसर्ने रोगको चाप बढ्दै गएको तथा जेष्ठ नागरिकमा स्वास्थ्य समस्या समाधानको लागि स्वस्थ सहर अभियान एउटा सफल अभियान हुन सक्दछ ।

त्यसै गरी अर्को शहर क्यानेडाको भ्यानकुभर- धेरै बाक्लो बस्तीका बाबजुद क्यानेडाको भ्यानकुभर शहर स्वस्थकर क्यानेडियन शहर बनेको छ । यस शहर, अब सम्ममा हरित शहरको योजनामा आफुलाई लैजाँदै छ । यो शहर विश्वमै स्वच्छ हावा र स्वस्थ वातावरण प्रख्यात शहर हो । कडा सरकारी नियम शहरलाई स्वस्थ राख्न भरपुर प्रयत्न गरेको छ । नीतिको निर्माण मात्र हैन प्रभावकारी कार्यान्वयनले स्वास्थ्य क्षेत्रमा उल्लेख्य उपलब्धी हाँसिल गर्न सकिन्छ भन्ने नमुना याहाँबाट पाउन सकिन्छ । नेपालमा पनि स्थानिय स्वास्थ्य कार्यविधी बनाएर स्थानिय सरकारले स्वास्थ्य नीति निर्माणको साथै त्यसको कार्यान्वयनबाट स्वास्थमा गर्न सकिने प्रशस्त कार्यहरू रहेका छन् ।यसरी निति निर्माण गर्दा स्वस्थ शहर अभियान कार्यबिधी आफै निर्माण गरेर कार्यान्वयन गर्न सकिन्छ ।

त्यस्तै विश्वको अर्को सफल शहर फ्रान्सको मोनाकोमा शहरको - याहाँको स्वास्थ मन्त्रालयले यस शहरमा गर्भावस्थामै बच्चाको राम्रो निगरानी, सुत्केरी गराउने दक्ष विशेषज्ञ र बच्चाको राम्रो स्याहार गर्ने परम्पराको विकाश गरेको छ । यो विश्वमै नवजात शिशुको कम मृत्यु हुने शहर हो । यहाँ १००० नवजात शिशुको जन्ममा जम्मा १.८१ मात्र मृत्यु दर रहेको पाइन्छ । हाम्रो जस्तो नवजात शिशु मृत्यू तथा मातृमृत्यूको कहाली लाग्दो अवस्थामा कहिले सम्म रहने यो क्षेत्रमा रचनात्मक कार्ययोजनाका साथ काम गर्नको लागि पनि स्वस्थ शहर अभियान सञ्चालन गर्न सकेमा नमुनाको रूपमा सहरलाई विकास गर्न सकिन्छ ।

अव स्थानिय सरकारहरूले विश्वका सफल शहरहरूको स्वाथ्य नीतिहरूको अध्ययन तथा आफ्नो परिवेशलाई समायोजन गरी उपयुक्त नीति सहित अगाडि नबढ्ने हो भने स्वास्थ्य क्षेत्र अगाडी जान सक्दैन। बेला बेलाका माहामारी नियन्त्रण मात्र हैन नसर्ने रोगका बढ्दो चपेटाले थला परेको स्वास्थ्य प्रणालीको सुधारमा अब गहन छलफल तथा बहश पैरवीका साथ विशेष योजनामा कार्य गर्नु पर्दछ । यसको लागि बाल स्वास्थ होस वा प्रजनन् स्वास्थ्य, मातृ स्वास्थ्य होस वा पोषण तथा मानसिक स्वास्थ्य सबै महत्वपुर्ण क्षेत्रलाई संगै लैजानु पर्दछ ।

नागरिकको स्वास्थ्य स्थानिय सरकारको दायित्वको रूपमा बुझेर अन्तराष्ट्रिय नीति तथा कार्यक्रमका अध्ययन गर्दै धुलिखेल नगरले यो कार्यक्रम सरूवात गरेकोमा पछिल्लो समय अन्य स्थानिय तहहरू तथा अन्तरास्ट्रिय स्तरबाट चासो बढेको देखिन्छ । स्वास्थ्यका बिभिन्न आयामलाई समेटेर आफ्नो स्थानिय तहको आवश्यक्ता पुरा गर्न तथा नमुना शहरको रूपमा आफुलाई विकास गर्न स्वस्थ शहर अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ । यिनै नमुना शहरको विश्लेषण तथा स्वागत योग्य कामलाई अनुसरण गर्दै नेपालको काभ्रे पलाञ्चोक जिल्लाको एउटा सुन्दर पर्यटकीय नगरी धुलिखेलले स्वस्थ शहर अवधारणामा काम गर्दै २०८१ साल भाद्र ११ गते विश्व स्वास्थ्य संगठको विगत २ वर्ष देखि निरन्तर अनुगमन तथा विषेश मुल्याँकन समिति द्वारा विभिन्न सूचकमा आधारित भई तथ्यमा आधारित रहेर अनुगमन गर्दा दक्षिण एसिया २३ वटा देशहरू समावेश भएको स्वस्थ शहर नेटवर्कमा धुलिखेलले एसियाको दोश्रो स्तरको स्तर निर्धारणमा ६२.४८ अंक सहित आफुलाई स्वस्थ शहरमा राख्न सफल भएको छ ।

रक्तचाप परिक्षण गराउनुको उपादेयता

पछिल्लो तथ्य अनुसार उच्च रक्तचाप भनेको संसारको सबैभन्दा धेरै मान्छेलाई हुने रोग हो। संसारका विकसित मुलुकमा १८ वर्षभन्दा माथिका करिव ४० देखि ५० प्रतिशत मान्छेह?लाई उच्च रक्तचापको समस्या रहेको छ। नेपालको शहरी क्षेत्रमा ३० देखि ३५ प्रतिशत वयस्कहरूलाई उच्च रक्तचापको समस्या रहेको पाईन्छ। उच्च रक्तचाप आफैं मृत्युको कारण होइन तर यसको कारणले जुन जटिल रोगहरू हुन्छन् र जुन खतराहरू उत्पन्न गराउँछ त्यसबाट मानिसको मृत्यु हुने गर्दछ ।

"समाजमा ब्लड प्रेसर भएका व्यक्तिहरु मध्य आधा व्यक्तिहरुलाई ब्लड प्रेसर छ भन्ने कुरो थाहा नै छैन भन्ने तथ्य अध्ययनहरुले देखाएको छ। त्यस्तै जसलाई ब्लड प्रेसर छ भन्ने थाहा छ, त्यसको आधा मान्छेहरुले ब्लड प्रेसरको उपचार गरेका छैनन्। जसले औषधी सेवन गर्छन् उनीहरु मध्ये पनि ५० प्रतिशतले औषधी नियमित गर्दैनन् ।"

मुटुले रक्त सञ्चारको क्रममा शरीरका विभिन्न भागमा रगत फाल्दाखेरि रगतले रक्तनलीको भित्तामा जुन प्रेसर दिन्छ, त्यसलाई ब्लड प्रेसर भनिन्छ। मुटु खुम्चदा अधिक रगत नलिमा जान्छ त्यसलाई माथिल्लो ब्लड प्रेसर र मुटु फुक्दा आराम गरेको समयमा रक्त नलिमा हुने दवावलाई तल्लो ब्लड पेसरअथात क्रमश सिस्टोलिक र डायलोस्टिक ब्लड प्रेसर भनिन्छ । सामान्य वयस्क मानिसह?मा ब्लड प्रेसर अर्थात रक्तचाप माथिल्लो १२० र तल्लो ८० सम्म ठीक हो । तर १३० का मुनि ८० भन्दामाथि गयो, १४०, १५० त्यस्तै तलको ८० बाट ९०, ९५, १०० यसरी ब्लड प्रेसर बढेपछि मान्छेलाई उच्च रक्तचाप भयो भनेर हामीले भन्छौं ।

उच्च रक्तचापका कारण वयस्क मानिसहरूमा हृदयघात हुने, मस्तिष्कघात हुने, अन्धोपन हुने, किड्नी फेल हुनेजस्ता जटिल ससमस्या देखापर्ने तथ्य स्वास्थ्य विज्ञानले प्रमाणित गरिसकेको छ। सामान्यतया उच्च रक्तचाप हुँदा कुनै लक्षण नहुन सक्छ। करिव ९० प्रतिशतलाई मानिसह ? मा लक्षण हुँदैन । त्यसैले उच्च रक्तचापलाई साइलेन्ट किलर भनिन्छ । करिब १० प्रतिशतलाई मात्र टाउको दुख्ने, चक्कर लाग्ने, छाती भारी हुने जस्ता लक्षण देखिन सक्दछ । ब्लड प्रेसर अर्थात उच्च रक्तचाप हुँदा लक्षण हुनैपर्छ भन्ने छैन, नहुन पनि सक्छ। ब्लड प्रेसर हुँदाखेरि पनि लक्षण नहुने हुँदा हामीले उपचार गर्न त्यति ध्यान दिँदैनौं। अनि उपचार नगर्दा बढेको ब्लड प्रेसरले भित्रभित्रै असर गरेको हुन्छ। लक्षण नभए पनि उच्च रक्तचापका कारण शरोरमा नकारात्मक असर गरिरहेको हुन सक्छ। त्यसैकारण यसलाई साइलेन्ट किलर अर्थात सुसुप्त हत्यारा रोग भनिएको हो । जव उच्च रक्तचापले मुटुलाई असर गर्छ, किड्नीलाई असर गर्छ, आँखालाई असर गर्छ, दिमागलाई असर गर्छ र त्यो जब लक्षण देखिन थाल्छनी ढिलो भइसकेको हुन्छ ।

अवस्थाका आधारमा उच्च रक्तचाप दुई किसिमको हुन्छ । पहिलो प्राइमरी हाइपर्टेनसन जुन विनाकारण विशेषगरी २५–३० वर्ष कटेपछि आउँछ र जिवनशैलीलाई सुधार्यो भने ब्लड प्रेसर कम हुन्छ।अर्को सेकेन्डरी हाइपर्टेनसन हुन्छ जसको पछाडि ठ्याक्कै कारण हुन्छ। जस्तै किडनीमा रोग लाग्यो, ब्लड प्रेसर ह्वातै बढ्छ। अथवा रक्तनलीको रोग हुन्छ जसमा रक्तनली साँघुरो भयो भने पनि पनि ब्लड प्रेसर हुन्छ। कि त शरीरमा हर्मोनको गडबडी भयो भने पनि ब्लड प्रेसर हुन्छ। त्यस्तै विभिन्न प्रकारका ट्युमरले गर्दापनि ब्लड प्रेसर उच्च हुन्छ। यो प्रकारको रक्तचाप १८ वर्षभन्दा कमको उमेरमा हुन्छ। यदि १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूलाई ब्लड प्रेसर बढेको छ भने हामीले कतै किड्नी पो बिग्रेको छ कि, भित्र ट्युमर पो भाको छ की भनि सोच्नु पर्दछ। यसमा ब्लड प्रेसर एकदमै हाइ हुन सक्छ । जस्तै १८०, २०० सम्म पुग्छ। अधिक नुन सेवनले ब्लड प्रेसर बढाउँछ। नेपालीहरूलाई ब्लड प्रेसर हुनुको कारण जति नुन खानु पर्ने हो त्यो भन्दा डबल नुन खान्छन् भन्ने तथ्य संग पनि जोडीएको छ। किड्नीको रोग लागेकोलाई पनि नुन जतिसक्दो कम गरेको राम्रो हुन्छ । अर्को मानसिक तनाव पनि हो ।

उच्च रक्तचापहुन बाट बच्न हामीले जीवनशैली सुधार्नुपर्छ। खानपान, व्यायाम, चुरोट, सूर्ति छोड्ने, मोटोपन घटाउने, तनाव व्यवस्थापन गराउने गर्नु पर्दछ।जसलाई मधुमेह छ उसलाई अलिअलि बढेको ब्लड प्रेसरले पनि धेरै गाह्रो पार्छ। अधिक रक्त चाप नियन्त्रण गर्न नुनमा नियन्त्रण गर्ने, चिल्लो नियन्त्रण गर्ने गर्नु पर्दछ। मोटो मान्छे छ भने अलिकति दुब्लाउने। यसको लागि नियमित व्यायाम गर्ने गर्नु पर्दछ। मधुमेह भएका मानिसहरू छन् भने त्यसलाई कन्ट्रोल गर्नु पर्दछ। यी कुराह? गर्दाखेरि पनि ब्लड प्रेसर सामान्य अवस्थामा आएन भने औषधी खानुपर्छ ।

सामान्यता उच्च रक्तचापको औषधी सेवन गर्दा एक पटक औषधी खाएपछि छोड्न हुँदैन, जिन्दगीभर औषधी खानुपर्छ, साइड इफेक्ट गर्छ, यसले किडनी विगार्छ, यसले लिभर बगार्छ भन्ने खालका भ्रमह? समुदायमा ब्याप्त रहेको छ । औषधी सुरू गरिसकेपछि छाड्न हुँदैन भन्ने कुराहरू पनि गलत हो । प्रेसरको औषधीले शरीरका कुनै पनि अंगलाई असर गर्दैन। त्यसैले यो भ्रमबाट पनि हामी मुक्त हुनुपर्छ। मात्र चिकित्सकको सल्लाह बेगर नछोड्नुस भन्न खोजिएको हो। धेरै मान्छेह?को प्रेसरको औषधी छुटाउन सकिन्छ । जो मान्छेको जीवनशैली खराब छ, मनपरी

खान्छ, मनपरी गर्छ, चुरोट तान्छ, रक्सि धेरै खान्छ, तनाव धेरै छ, ब्लड प्रेसर बढ्यो भने लामो समय खानुपर्ने हुन्छ । त्यसैले ब्लड प्रेसरको औषधी उचित समयमा गएर डाक्टरको सल्लाहबाट त्यसलाई छुटाउन पनि सकिन्छ। एक चक्की औषधी खाएर शरीर ठीक हुन्छ वा एक दुई चक्की औषधी खाएर मान्छेको जिन्दगी बाँच्छ भने नियमित नै भए पनि खानु राम्रो हैन र ?

समयमा सुत्ने, समयमा उठ्ने, निन्द्रा पुऱ्याउनु पर्छ, अरूसँग झगडा गर्नु हुँदैन, बोली, वचन व्यवहार राम्रो गर्नुपर्छ, त्यस्तो भयो भने त मान्छेको ब्लड प्रेसर घटिहाल्छ । त्यसैले जीवनशैलीलाई सुधार्नु पर्छ । अनि त्यसपछि चाहिन्छ भने औषधी खानुपऱ्यो। यदि २० वर्षको उमेर कट्नुभएको छ भने वर्षमा एकपल्ट ब्लड प्रेसर जाँच्नैपर्छ । घरमा ब्लड प्रेसर भएर परिवारमा कसैलाई मान्छेलाई हृदयघात भाको छ, स्ट्रोक भाको छ भने त्यस्ता परिवारका व्यक्तिहरूले तीन तीन महिनामा ब्लड प्रेसर नाप्नुपर्छ ।

आज भोली कम उमेरमा नै हामीले मान्छेहरू हर्ट याट्याक भएर मरिरहेका देखेका छौं । र कतिलाई प्यारालाइसिस भएर हामीले ढलेको देखेका छौं । यसको मुख्य कारण नैके हो त भन्दाखेरि ब्लड प्रेसर हो। त्यसैले यसप्रति हामी एकदम सावधानी रहनुपर्छ। उच्च रक्तचाप सुन्दा मामुली समस्या जस्तो हो तर यो मामुली समस्याले मृत्युलाई निम्त्याउँछ ।

समाजमा जति ब्लड प्रेसर भएका व्यक्तिहरूमध्य आधा व्यक्तिहरूलाई ब्लड प्रेसर छ भन्ने कुरो थाहा नै छैन भन्ने तथ्य अध्ययनहरूले देखाएको छ। त्यस्तै जसलाई ब्लड प्रेसर छ भन्ने थाहा छ त्यसको आधा मान्छेहरूले ब्लड प्रेसरको उपचार गरेका छैनन्। जसले औषधी सेवन गर्छन् उनीह? मध्ये पनि ५० प्रतिशतले औषधी नियमित गर्दैनन् । ब्लड प्रेसर राम्रोसँग कन्ट्रोल भएको भनेको १०० मा दश जनाको हुन्छ। लक्षण नभए पनि यदि ब्लड प्रेसर छ भने औषधी गर्नुपर्छ। त्यसैले ब्लड प्रेसर घटाउन फलफूल तथ हरिया सागपात हामीले प्रशस्त खानुपर्छ । त्सैले घरघरमा रक्तचाप परिक्षण अभियान गरी उच्च रक्तचापका बिरामी पहिचान र उचित उपचारको जरूरी भै सकेको छ ।

Average Blood Pressure by Age

	Men	Women
18-39 years	119/70 mm Hg	110/68 mm Hg
40-59 years	124/77 mm Hg	122/74 mm Hg
60+ years	133/69 mm Hg	139/68 mm Hg

Some activities of Healthy City, Dhulikhel


स्वास्थ्य परिक्षण शिविर
तथा जनचेतना कार्यक्रम
२०८१
विश्व
मधुमेह
14 NOV दिवस
स्वस्थ् शहर, धुलिखेल नगर


"स्वस्थ्य शहर, धुलिखेल नगर" अभियान...
महिला स्वास्थ्य परिक्षण तथा उपचार शिविर


कल्खे शहरी स्वास्थ्य केन्द्र
पाटकेखोला कल्खे स्वास्थ्य उपभोक्ता समितिको कार्यालय


37th


धूलिखेल नगरपालिका


धूलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धूलिखेल काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल
देवीटार स्वास्थ्य चौकी


धुलिखेल नगरपालिका
DHULIKHEL MUNICIPALITY

यो समयमा हैजा र डेंगीको प्रकोप फैलदै छ। कसरी होसियारी अपनाउने ? धुलिखेल नगर स्वास्थ शाखाको प्रस्तुति .....!

Prime FM 104.5MHz
6 days ago ·
कार्यक्रम स्वस्थ शहर धुलिखेल नगर